यो आकाशवाणी हो। 22-12-25

समाचार तुलसा शर्माबाट सुन्नुहोस्।

सर्वप्रथम मुख्य समाचार।

- राष्ट्रपतिले विकसित भारत-रोजगार र आजीविका मिशन-ग्रामीण **विकसित भारत- जी राम जी बिल**, दुई हजार पचिसलाई दिनुभयो स्वीकृती
- भारत र न्यूजील्याण्ड बीच मुक्त व्यापार समझौताले अगिलो पाँच वर्षमा द्विपक्षीय व्यापारलाई दुईगुना गर्ने मार्ग प्रशस्त गरेको प्रधानमन्त्री मोदीको भनाई
- रक्षा अनुसन्धान र विकास संगठन – डी. आर .डी .ओ तथा राष्ट्रीय रक्षा विश्वविद्यालय – आर. आर. यू –ले रक्षा र आन्तरिक सुरक्षा क्षेत्रमा अनुसन्धान, शिक्षा, प्रशिक्षण र प्रौद्योगिकीमा सहयोग बढ़ाउनका लागि एउटा समझौतामा गरेकोछ हस्ताक्षर, अनि
- पूर्वोत्तर क्षेत्र विकास मन्त्री ज्योतिरादित्य सिन्धियाले आज पूर्वोत्तर क्षेत्रमा अवसंरचना, रसद र सम्पर्क सुविधा बारे उच्च स्तरीय कार्यबलको बैठक गर्नुभयो

अब समाचार बिस्तारमा।

## 42 राष्ट्रपति- जी राम जी मंजूरी

राष्ट्रपति द्रौपदी मुर्मुले विकसित भारत-रोजगार र आजीविका मिशन-ग्रामीण **विकसित भारत- जी राम जी बिल**, दुई हजार पचिसलाई स्वीकृती दिनुभएकोछ। संसदले यसलाई शीतकालीन सत्रमा पास गरेको थियो । यो एक्टले ग्रामीण परिवारहरूका लागि प्रत्येक वित्तीय वर्षमा वैधानिक मज़दूरी रोज़गार गेरेन्टीलाई एक सय पचिस दिन सम्म बढ़ाउँछ । ग्रामीण विकास मन्त्रालयले बताएकोछ, यो ग्रामीण रोज़गार नीतिमा परिवर्तनको दिशामा एक महत्वपूर्ण कदम हो । मन्त्रालयले बताए अनुसार, यस कानूनले सशक्तिकरण, समावेशी विकास, विकास पहलहरूको तालमेल र सबै आवशयकता भएका व्यक्तिलाई लाभ दिन प्रोत्साहित गर्छ। **विकसित भारत- जी राम जी एक्ट** महात्मा गान्धी राष्ट्रीय ग्रामीण रोज़गार गेरेन्टी एक्ट -

मनरेगा दुई हजार पाँचको जगामा ल्याइएको हो ।

## 38 उपराष्ट्रपति - अधिकारी प्रशिक्षु

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले भन्नुभयो, वर्ष दुई हजार सैतैलिस सम्म विकसित भारत बन्ने महत्वाकांक्षी लक्ष्य प्राप्त गर्नमा सिविल सेवकहरूको महत्वपूर्ण भूमिका हुनेछ। आज नयाँ दिल्लीमा भारतीय रक्षा लेखा सेवाको वर्ष दुई हजार तेइस र दुई हजार चौबिस ब्याचका प्रशिक्षु अधिकारिहरू संग बातचीतमा उपराष्ट्रपतिले सत्यनिष्ठा, पारदर्शिता, सतर्कता र उत्तरदायित्वको उच्चतम मानक बनाइराख्ने आवश्यकतामा बल दिनुभयो ।

## प्रधानमन्त्री

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो, भारत र न्यूजील्याण्ड बीच मुक्त व्यापार समझौताले अगिलो पाँच वर्षमा द्विपक्षीय व्यापारलाई दुईगुना गर्ने मार्ग प्रशस्त गरेको छ। सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभयो, भारत-न्यूजील्याण्ड साझेदारीले , नयाँ ऊंचाइ छुन जाँदैछ। उहाँले भन्नुभयो, भारतले विभिन्न क्षेत्रमा न्यूजील्याण्डबाट बिस अरब डलर भन्दा अधिकको निवेशलाई स्वागत गर्छ। प्रधानमन्त्रीले भन्नुभयो, भारतको प्रतिभाशाली युवा, नवाचार र अर्थव्यवस्था, विकास र दीर्घकालिक साझेदारीका लागि एउटा बलियो आधार हुन्। श्री मोदीले भन्नुभयो दुबै देशले खेल, शिक्षा र सांस्कृतिक सम्बन्ध जस्तो अन्य क्षेत्रमा पनि सहयोगलाई बलियो गर्ने जारी राख्नेछ।

## 40 गोयल-एफटीए न्यूजीलैंड

वाणिज्य र उद्योग मन्त्री पीयूष गोयलले आज न्यूजील्याण्डका वाणिज्य र उद्योग मन्त्री **टड मैक्लेलाई** दुबै देश बीचको मुक्त व्यापार समझौता-एफ.टी.ए-का लागि बधाई दिनुभयो । सोशल मीडियामा श्री गोयलले भन्नुभयो , दुबै नेताले न्यूजील्याण्ड र भारतमा एफ.टी.ए लाई मिलेको सकारात्मक प्रतिक्रियामा चर्चा गर्नुभयो । उहाँले श्री मैक्लेलाई भारतलाई फेरि यात्रा गर्ने निमन्त्रणा पनि दिनुभयो दुबै मन्त्रीहरूले समझौतालाई प्रभावी बनाउने, अधिक अवसर प्रदान गर्ने र दुबै देशको समृद्धिका लागि मिलेर काम गर्ने साझा प्रतिबद्धतालाई पनि

दोहोर्याउनुभयो।

**जयशंकर-एफटीए**

विदेश मन्त्री डा. एस. जयशंकरले भारत-न्यूजील्याण्ड मुक्त व्यापार समझौता-एफ. टी.ए लाई दुबै देश बीचको सम्बन्धमा मीलको पत्थर बताउनुभयो। एउटा सोशल मीडिया पोस्टमा उहाँले भन्नुभयो, एफ. टी. ए रेकर्ड समयमा सम्पन्न भयो। डा. जयशंकरले भन्नुयो, यो समझौताले दुबै देश बीचको साझेदारीलाई छिट्टो विकासको पथमा अग्रसर गर्छ।

25 डीआरडीओ - रक्षा

रक्षा अनुसन्धान र विकास संगठन – डी. आर .डी .ओ तथा राष्ट्रीय रक्षा विश्वविद्यालय – आर. आर. यू –ले रक्षा र आन्तरिक सुरक्षा क्षेत्रमा अनुसन्धान, शिक्षा, प्रशिक्षण र प्रौद्योगिकीमा सहयोग बढ़ाउनका लागि एउटा समझौतामा हस्ताक्षर गरेकोछ। यसको उद्देश्य रक्षा र आन्तरिक सुरक्षा प्रौद्योगिकीमा देशलाई आत्मनिर्भरता बनाउनु हो। नयाँ दिल्लीमा आज रक्षा मन्त्री राजनाथ सिंहको उपस्थितिमा विशिष्ट वैज्ञानिक र महानिदेशक डा. **चन्द्रीका कौशिक** र आर .आर .यू –का कुलपति **प्रोफेसर बिमल एन. पटेल-ले** हस्ताक्षर गर्नुभयो। समझौता अन्तर्गत दुबै संगठनले संयुक्त अनुसन्धान परियोजनाहरू, पी.एच.डी र फैलोशिप कार्यक्रम तथा सुरक्षा बलहरूका लागि विशेष प्रशिक्षण र क्षमता निर्माण कार्यक्रमा सहयोग गर्नेछ।

**44 दिल्ली-मुख्यमंत्री कार्यालय**

दिल्ली सरकारले राजधानीमा स्वच्छ, विश्वसनीय र भविष्यका लागि तयार सार्वजनिक

परिवहनको व्यवस्थालाई सशक्त बनाईरहेको छ। मुख्यमन्त्री कार्यालयले एउटा सोशल मीडिया पोस्टमा जानकारी दिएकोछ, मेट्रो विस्तारका लागि पछिलो पाँच सय करोड़ रुपियाँको बजेटलाई बढ़ाएर दुई हज़ार नौ सय करोड़ रुपियाँ भन्दा अधिक गरिएको छ भने, सार्वजनिक परिवहनको कुल बजेट पाँच हज़ार सात सय करोड़ रुपियाँ देखी बढ़ाएर नौ हज़ार एक सय दस करोड़ रुपियाँ भएको छ।

**50 भूपेंद्र यादव - सम्मेलन**

केन्द्रीय पर्यावरण, वन र जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले भन्नुभयो, अरावली पर्वत - माला मामिलामा सर्वोच्च न्यायालयको निर्णय अरावली ग्रीन वल परियोजनाका माध्यमले पर्वतमालाको संरक्षणका लगि सरकारको निरन्तर प्रयासलाई मान्यता दिन्छ र समर्थन गर्छ । उहाँले भन्नुभयो यस परियोजनाको उद्देश्य उजाड भूमि सुधार गर्नु, मरुस्थलीकरणलाई रोक्नु र हरित आवरणको पारिस्थितिक स्वास्थ्यमा सुधार गर्नु हो ।

**सिंधिया-कार्यबल बैठक**

पूर्वोत्तर क्षेत्र विकास मन्त्री ज्योतिरादित्य सिन्धियाले आज पूर्वोत्तर क्षेत्रमा अवसंरचना, रसद र सम्पर्क सुविधा बारे उच्च स्तरीय कार्यबलको बैठक गर्नुभयो । श्री सिंधियाले सोशल मीडिया पोस्टमा बताउनुभयो, बैठकको अध्यक्षता त्रिपुराका मुख्यमंत्री माणिक साहाले गर्नुभयो । बैठकमा प्रधानमन्त्री नरेन्द्र मोदीको **'एक्ट ईस्ट, एक्ट फास्ट एण्ड एक्ट फर्स्ट' को** परिकल्पना अन्तर्गत अष्टलक्ष्मी राज्यलाई दक्षिणपूर्व एशियाका लागि देशको प्रवेश द्वारका रूपमा विकसित गर्ने महत्वपूर्ण रूपरेखा तयार गरियो । बैठकमा पूर्वोत्तर क्षेत्रमा विकास र प्रगतिको नयाँ अवसर खोल्नका लागि बहुआयामी तथा डिजिटल सम्पर्कको पनि समीक्षा गरियो । मिजोरमका मुख्यमन्त्री लालदुहोमा, सिक्किम सरकार र उद्योग तथा आन्तरिक व्यापार संवर्धन विभागका

अधिकारी पनि बैठकमा उपस्थित हुनुहुन्थयो ।

**अनत्यमा मुख्य समाचार फेरि एकपल्ट**

- राष्ट्रपतिले विकसित भारत-रोजगार र आजीविका मिशन-ग्रामीण **विकसित भारत- जी राम जी बिल**, दुई हजार पचिसलाई  दिनुभयो स्वीकृती
- भारत र न्यूजील्याण्ड बीच मुक्त व्यापार समझौताले अगिलो पाँच वर्षमा द्विपक्षीय व्यापारलाई दुईगुना गर्ने मार्ग प्रशस्त गरेको प्रधानमन्त्री मोदीको भनाई
- रक्षा अनुसन्धान र विकास संगठन – डी. आर .डी .ओ तथा राष्ट्रीय रक्षा विश्वविद्यालय – आर. आर. यू –ले रक्षा र आन्तरिक सुरक्षा क्षेत्रमा अनुसन्धान, शिक्षा, प्रशिक्षण र प्रौद्योगिकीमा सहयोग बढ़ाउनका लागि एउटा समझौतामा गरेकोछ हस्ताक्षर, अनि
- पूर्वोत्तर क्षेत्र विकास मन्त्री ज्योतिरादित्य सिन्धियाले आज पूर्वोत्तर क्षेत्रमा अवसंरचना, रसद र सम्पर्क सुविधा बारे उच्च स्तरीय कार्यबलको बैठक गर्नुभयो